नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः-६३७ मिति २०७२/०१/१७

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू र विप्रेषक कम्पनीहरु ।

विषय :- विप्रेषण कारोबारलाई व्यवस्थित गर्ने सम्बन्धी इ.प्रा. परिपत्र संख्याः ६३५ मा संशोधन ।

महाशय,

यस बैंकले मिति २०७१/१०/२५ मा जारी गरेको इ.प्रा. परिपत्र संख्याः ६३५ को (ङ) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

"(ङ) रेमिटान्स कारोवार गर्ने बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरुले विदेशबाट प्राप्त विप्रेषण नगदमा भुक्तानी गर्ने प्रचलनलाई न्यूनिकरण गर्दै लैजाने सम्वन्धमा देहायको समय र रकमको सीमाभित्र रहेर मात्र नगदमा भुक्तानी गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । तोकिएको सीमाभन्दा बढी रकम वितरण गर्नुपर्दा बैंक खाता वा चेक मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**नगदमा भुक्तानी गर्न सकिने रकम र समय सीमा**

१. २०७३ साल असार मसान्तसम्म रु.३ लाख ।
२. २०७४ साल असार मसान्तसम्म रु.२ लाख ।
३. २०७४ साल साउनदेखि रु.१ लाख ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा नि.वि. महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स संघ, अनामनगर, काठमाण्डौ ।
११. श्री वित्त कम्पनी संघ, काठमाण्डौ ।
१२. श्री नेपाल विप्रेषक संघ, लैनचौर, काठमाण्डौ ।
१३. श्री फरेन एक्चेन्ज एण्ड मनी डिलर्स एशोसिएसन अफ नेपाल , काठमाण्डौं ।